बैठक संख्याः २०।२०८२

बैठक मितिः २०८२।१०।१३ गते, समयः बिहान ११:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

आज मिति २०८२।१०।१३ गते, मंगलवार बिहान ११:०० बजे ससकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय वमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख-अध्यक्ष | | |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | श्री रोहिणी प्रसाद पोखरेल | वडा अध्यक्ष | १ | |
| ४ | श्री जाहिर हुसेन | वडा अध्यक्ष | २ | |
| ५ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष | ३ | |
| ६ | श्री जयराम खंग | वडा अध्यक्ष | ४ | |
| ७ | श्री गोसाई चौधरी | वडा अध्यक्ष | ५ | |
| ८ | श्री नन्दी लाल चौधरी | वडा अध्यक्ष | ६ | |
| ९ | श्री मनिता देवी चौधरी | का.व.वडा अध्यक्ष | ७ | |
| १० | श्री केदार प्रसाद साह | वडा अध्यक्ष | ८ | |
| ११ | श्री राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी लाल साह | वडा अध्यक्ष | १० | |
| १३ | श्री डोलेश्वर खड्गा | वडा अध्यक्ष | ११ | |
| १४ | श्री मनो कुमारी चौधरी | कार्यपालिका सदस्य | ३ | |
| १५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | २ | |
| १६ | श्री रमेश प्रसाद साह | कार्यपालिका सदस्य | ८ | |
| १७ | श्री ललिता देवी खड्ग | कार्यपालिका सदस्य | ९ | |
| १८ | श्री प्रभा कुमारी चौधरी | कार्यपालिका सदस्य | ५ | |
| १९ | श्री संझा कुमारी चौधरी | कार्यपालिका सदस्य | ६ | |
| २० | श्री शान्ति देवी यादव | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री संजु देवी चौधरी | कार्यपालिका सदस्य | ११ | |
| २२ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| आमन्त्रित एवं सहयोगी कर्मचारीहरू | | | | |
| १ | श्री प्रकाश सुवेदी | अधिकृत सातौं | | |
| २ | श्री कविता बस्नेत | लेखा अधिकृत | | |

बैठक संख्याः २०।२०८२

बैठक मितिः २०८२।१०।१३ गते, समयः बिहान ११:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| ३ | श्री लोकेश चन्द्र पैकरा | इन्जिनियर सातौं | | |
| ४ | श्री जय प्रकास चौधरी | शिक्षा अधिकृत | | |
| ५ | श्री राम बहादुर कटुवाल | आ.ले.प. अधिकृत | | |
| ६ | श्री किशोर कुमार यादव | इन्जिनियर छैठौं | | |
| ७ | श्री रण वहादुर मगर | अधिकृत छैठौं | | |

<u>प्रस्तावहरू</u>

१. प्रस्ताव नं. १ : नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्वन्धमा ।

२. प्रस्ताव नं. २ : चार कोठे विद्यालय भवन निर्माण सम्वन्धमा ।

३. प्रस्ताव नं. ३ : ईलर्निङ्ग, पुस्तकालय तथा विज्ञान प्रयोगशाला स्थापना सम्वन्धमा ।

४. प्रस्ताव नं. ४ : विद्यालय दिवा खाजा साझेदारी सम्वन्धमा ।

५. प्रस्ताव नं. ५ : प्र.अ. तथा ईन्चार्ज भत्ता उपलब्ध गराउने सम्बन्धमा ।

६. प्रस्ताव नं. ६ : अधुरा भौतिक संरचनाहरुको निर्माण सम्वन्धमा ।

७. प्रस्ताव नं. ७ : वडा कार्यालय भवन निर्माण वडा नं.१/वडा नं.८

८. प्रस्ताव नं. ८ : भगनी चोक टावरमा माटो पुर्ने र वाटो मर्मत सम्वन्धमा ।

९. प्रस्ताव नं. ९ : दुर्गानन्द चौधरीको घर देखि ललन कुमार कर्णको घरसम्म नाला समेत आर.सि.सि. ढलान कार्यको वाँकी रकम भुक्तानी सम्वन्धमा ।

१०. प्रस्ताव नं. १० : खुला व्यायमशाला (नगरपालिकासंग साझेदारीमा ) निर्माण सम्वन्धमा ।

११. प्रस्ताव नं. ११ : किसान सूचीकरण कार्यक्रम सञ्चालन सम्वन्धमा ।

१२. प्रस्ताव नं. १२ : जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्वन्धमा ।

१३. प्रस्ताव नं. १३ : हेभि सवारी चालकलाई कामकाज लगाउने सम्वन्धमा ।

१४. प्रस्ताव नं. १४ : ज्येष्ठ नागरिक तथा वाल उद्यान व्यवस्थापन सम्वन्धमा ।

१५. प्रस्ताव नं. १५ : प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन सम्वन्धमा ।

१६. प्रस्ताव नं. १६ : गाईभैसी श्रोत केन्द्र कार्यक्रम संचालन सम्वन्धमा ।

१७. प्रस्ताव नं. १७ : थारु संस्कृति संरक्षण संघ नेपाललाई सहयोग सम्वन्धमा ।

१८. प्रस्ताव नं. १८ : आपत कालिन कार्य संचालन केन्द्र निर्माण सम्वन्धमा ।

१९. प्रस्ताव नं. १९ : प्रोग्रेसिभ युवा क्लबलाई सहयोग उपलव्ध गराउने सम्बन्धमा ।

२०. प्रस्ताव नं. २० : विश्वकर्मा वावाको मन्दिर निर्माण सम्वन्धमा ।

बैठक संख्याः २०।२०८२

बैठक मितिः २०८२।१०।१३ गते, समयः विहान ११:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

२१. प्रस्ताव नं. २१ : माटो पुर्ने सम्वन्धमा ।

२२. प्रस्ताव नं. २२ : म्याजिक भाडामा लिने सम्वन्धमा ।

२३. प्रस्ताव नं. २३ : ठेक्का नं.०३/NCB/SKMO/KTS/२०८०-०८१, Construction of Kamaldah Tourist Spot वडा नं. ११ योजनाको भेरिएशन सम्वन्धमा ।

निर्णयहरू

निर्णय नं. १

ससकोशी नगरपालिकाको अघिल्लो नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो ।

निर्णय नं. २

ससकोशी नगरपालिकाको लागि चालु आ.व. २०८२।०८३ मा संघीय सरकारवाट हस्तान्तरित निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माणमा वजेट रु.५५०००००।– (पचपन्न लाख) विनियोजन भएकोमा ससकोशी नगरपालिकाको चालु आ.व.२०८२।०८२ मा समपुरक लगायत विभिन्न योजनाहरुमा लागत साझेदारी शिर्षकमा विनियोजित वजेट मध्येवाट लागत साझेदारी रु.१५०००००।– व्यहोर्ने गरी जम्मा वजेट रु.७०,०००००।– (सत्तरी लाख)वाट ससकोशी नगरपालिका वडा नं. ९ स्थित श्री राष्ट्रिय आधारभुत विद्यालय, कमलपुरको ४ (चार) कोठे भवन ठेक्का आव्हान गरी निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

ससकोशी नगरपालिकाको लागि चालु आ.व.२०८२।०८३ मा विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षकमा विनियोजित बजेट मध्ये रु.१००००००।– (दश लाख) बाट ससकोशी नगरपालिका वडा नं.१ स्थित श्री राष्ट्रिय माध्यामिक विद्यालय, फत्तेपुरमा ईलर्निङ्ग (स्मार्ट वोर्ड, डेस्कटप कम्प्युटर, प्रिन्टर खरीद), पुस्तकालय तथा विज्ञान प्रयोगशाला स्थापना (पुस्तक तथा फर्निचर खरीद) गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

ससकोशी नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयको बालविकास कक्षा देखि कक्षा ५ सम्मको विद्यार्थीहरूका लागि विद्यालयमा हाजिर भएको दिनको सशर्त शिर्षक तर्फको वाहेक प्रति विद्यार्थी रु.५।- थप र कक्षा ६ का विद्यार्थीहरूका लागि रु २०।- का दरले थप गरी दिवा खाजा कार्यक्रममा नगरपालिकाबाट साझेदारी गर्ने निर्णय गरियो।

बैठक संख्याः २०।२०८२
बैठक मितिः २०८२।१०।१३ गते, समयः विहान ११:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

**निर्णय नं. ५**

ससकोशी नगरपालिका अन्तर्गतको सामुदायिक विद्यालयमा कार्यरत रहेको प्र.अ. र ईन्चार्जहरूलाई तपसिल बमोजिमको सशर्त तर्फको रकम र ससकोशी नगरपालिकाबाट थप प्रोत्साहन रकम मासिक रुपमा उपलव्ध गराउने निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | तह | पद | ससर्त तर्फबाट प्रास हुने रकम | नगरपालिकाबाट थप हुने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | आधारभूत तह (कक्षा १-५) | प्र.अ. | रु.२००।- | रु.१०००।- | २ जना |
| | | ईन्चार्ज | - | - | - |
| २ | आधारभूत तह (कक्षा १-८) | प्र.अ. | रु.३००।- | रु.१२००।- | ५ जना |
| | | ईन्चार्ज | - | रु.५००।- | ५ जना |
| ३ | माध्यमिक तह (कक्षा १-१२) | प्र.अ. | रु.५००।- | रु.१५००।- | ४ जना |
| | | ईन्चार्ज | - | रु.५००।- | ८ जना |

**निर्णय नं. ६**

ससकोशी नगरपालिकाको अन्तर्गत विगतमा निर्माण शुरु भई सम्पन्न हुन बाँकी भएका अधुरा योजनाहरुको निर्माणको लागि १५ .औं नगर सभाबाट चालु आ.व.२०८२।०८३ विभिन्न अधुरा भौतिक संरचनाहरुको निर्माण गर्नको लागि वजेट रु.३००००००।– विनियोजन भएकोमा उक्त वजेटवाट देहाय वमोजिमका अधुरा भौतिक संरचनाहरुको क्रमश : निर्माण सम्पन्न हुने गरी प्राविधिक लागत अनुमान तयार गरी आगामी वैठकमा पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | योजनाको नाम, ठेगाना |
|---|---|
| १ | श्री राष्ट्रिय आधारभुत विद्यालय सखुवनी वडा नं.३ |
| २ | श्री नन्द उमा पव्लिक मा.वि. वडा नं.८ |

**निर्णय नं. ७**

ससकोशी नगरपालिकाको चालु आ.व.२०८२।०८३ मा वडा कार्यालय भवन निर्माण वडा नं.१/वडा नं.८ को लागि वजेट रु.२५०००००।– विनियोजन भएकोले उक्त वजेटवाट योजना संचालन गर्न प्राविधिक लागत अनुमान तयार गरी आगामी वैठकमा पेश गर्ने निर्णय गरियो ।

बैठक संख्याः २०।२०८२

बैठक मितिः २०८२।१०।१३ गते, समयः विहान ११:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

**निर्णय नं. ८**

ससकोशी नगरपालिका अन्तर्गत १० नं. वडा कार्यालयको च.नं.१४० मिति २०८२।८।३ को पत्रसाथ वडा समितिको निर्णय संलग्न राखी भगनी चोकमा रहेको टावर वरिपरि माटो पुरी गुम्ति व्यवस्थापन र वडाको वाटो मर्मतको कार्य संचालन भई प्राविधि मूल्यांकन वील वमोजिमको रकम रु.६२४१५।१२ पैसा खर्च भएकोमा चालु आ.व.२०८२।०८३ मा जनतासंग वडा अध्यक्ष कार्यक्रम शिर्षकमा विनियोजित वजेट रु.१०००००।-मध्येवाट उक्त रकम भुक्तानी गर्न अनुरोध भई आएकोले सोही वमोजिम भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

ससकोशी नगरपालिका अन्तर्गत १० नं. वडा कार्यालयको च.नं.१३९ (क) मिति २०८२।८।२ को पत्रसाथ वडा समितिको निर्णय संलग्न राखी गत आ.व.२०८१।०८२ मा दुर्गानन्द चौधरीको घर देखि ललन कुमार कर्णको घरसम्म नाला समेत आर.सि.सि. ढलान कार्य संचालन भई प्राविधिक मूल्यांकन वील वमोजिमको रकम रु.४५८९८१।८४ पैसा वरावरको कार्य सम्पन भएकोमा जय भवानी निर्माण सेवा, पथरीलाई रु.१८७०८७।६३ पैसा भुक्तानी भएको र भुक्तानी गर्न वाँकी रकम रु.२६९६३४।९३पैसा चालु आ.व.२०८२।०८३ मा भुक्तानी गर्न वजेट विनियोजन हुन छुट भएकोले जय भवानी निर्माण सेवा, पथरीलाई भुक्तानी वाँकी रकम जनतासंग मेयर कार्यक्रम शिर्षकमा विनियोजित वजेट मध्येवाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

ससकोशी नगरपालिका अन्तर्गत १ नं. वडा कार्यालयको च.नं.३५३ मिति २०८२।८।१४ को पत्रसाथ वडा समितिको निर्णय संलग्न राखी खुला व्यायमशाला (नगरपालिकासंग साझेदारीमा ) निर्माणको लागि वडास्तरीय विनियोजित वजेट रु.४०००००।- वाट कार्य संचालन गर्न अनुरोध भई आएकोले चालु आ.व.२०८२।०८३ मा समपुरक लगायत विभिन्न योजनाहरुको लागत साझेदारी शिर्षकमा विनियोजित वजेट मध्येवाट रु.४०००००।-थप गरी जम्मा वजेट रु.८०००००।- वाट वडा नं.१ सशस्त्र वेश क्याम्प अगाडि निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

ससकोशी नगरपालिकावाट चालु आ.व.२०८२।०८३ मा किसान सूचीकरणको कार्यक्रम सञ्चालन गर्नको लागि बजेट रु.२९८०००।- विनियोजन भएकोमा उक्त कार्यक्रम देहायका वडाहरूमा निम्न संख्यामा तथ्याङ्क सङ्कलकहरूको व्यवस्था गरी कार्यक्रम सञ्चालन गर्ने, कार्यक्रम संचालन गर्न अपुग वजेट चालु आ.व.२०८२।०८३ मा विविध कार्यक्रम संचालन शिर्षकमा विनियोजित वजेटवाट खर्च गर्ने र तथ्याङ्क सङ्कलकहरू +2 उत्तीर्ण गरेको, कम्प्युटर सञ्चालन गर्ने ज्ञान भएको, ल्यापटप वा ट्याव भएको, जनसम्पर्क स्थापित गर्न सक्षम, सम्बन्धित वडाको

नेपाली नागरिकहरू मध्येबाट सम्बन्धित वडा समितिको निर्णयानुसार छनौट गरी पठाउन नगर कार्यपालिकाको कार्यालयबाट कार्यालयको वेव साईट एवं सम्बन्धित वडामा सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिल

| कार्यक्रम सञ्चालन हुने वडा | तथ्याङ्क सङ्कलकको संख्या |
|---|---|
| वडा नं. १ | ३ जना |
| वडा नं. २ | २ जना |
| वडा नं. ३ | १ जना |
| वडा नं. ४ | २ जना |
| वडा नं. ५ | १ जना |
| वडा नं. ६ | १ जना |
| वडा नं. ७ | १ जना |
| वडा नं. ८ | १ जना |
| वडा नं. ९ | १ जना |
| वडा नं. १० | १ जना |
| वडा नं. ११ | १ जना |

निर्णय नं. १२

ससकोशी नगरपालिकाको लागि आ.व. २०८२।०८३ मा नेपाल सरकारबाट हस्तान्तरित जीविकोपार्जन सुधार कार्यक्रममा बजेट रु.९०००००।– (नौ लाख) विनियोजन भई आएकोले उक्त जीविकोपार्जन सुधार कार्यक्रममा पशुपालन क्षेत्र अन्तर्गत ससकोशी नगरपालिका भित्रका वडा नं. १ देखि वडा नं. ११ मा वसोवास गर्ने २५ जना विपन्न महिलाहरूलाई हाँस कुखुरा पालन, बाख्रा तथा वंगुर पालन सम्वन्धी आधारभूत सीप विकास तालिम उपलव्ध गराई व्यवसाय स्थापना र संञ्चालन खर्च- टेवा पूँजी प्रतिव्यक्ति रु.२६०००।– (छब्बीस हजार) को दरले अनुदान सहयोग उपलव्ध गराउने निर्णय गरियो । साथै, उक्त जीविकोपार्जन सुधार कार्यक्रममा सम्वन्धित वडा समितिको निर्णयानुसार देहायका आधारमा प्रत्येक वडाबाट २/२ जनाको दरले सहभागीहरू छनौट गरी नामावली विवरण उपलव्ध गराउने निर्णय गरियो ।

(क) विपन्न वा वहुविपन्न महिला

(ख) एकल महिला

(ग) हिंसा पिडित, मानव वेचविखन तथा ओसारपसारबाट पिडित/प्रभावित महिला

(घ) भूमिहिन महिला, सीमान्तकृत समुदाय तथा दलित समुदायका विपन्न महिला

(ङ) कृषि वाहेक अन्य कुनै नियमित रोजगारी/आयआर्जनका श्रोत नभएको परिवारका महिला

(च) लक्षित महिला छनौट गर्दा वहुआयामिक वञ्चितिमा परेका महिलालाई प्राथमिकता दिने

**निर्णय नं. १३**

ससकोशी नगरपालिकामा कार्यरत रोलर ड्राईभर श्री ज्ञानेन्द्र राउतले कामकाज छोडेको र नगरपालिकालाई हेभि सवारी चालकको आवश्यक्ता भएकोले हेभि सवारी चालकको सुविधा उपलव्ध गराउने गरी हेभि सवारी चालक खोजी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

ससकोशी नगरपालिकाको लागि आ.व.२०८२।०८३ मा संङ्घीय सरकारवाट हस्तान्तरित ज्येष्ठ नागरिक तथा वाल उद्यान व्यावस्थापन शिर्षकमा बिनियोजित बजेट रु.१००००००।– (दश लाख) बाट उक्त योजना ससकोशी नगरपालिका वडा नं.१ स्थित चन्द्र नहरको पुरानो भवनमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

ससकोशी नगरपालिकाको चालु आ.व.२०८२।०८३ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी सिर्जना तर्फ सशर्त तर्फ रु.४७२०००।– र नगरस्तरीय तर्फ रु.५०००००।– बजेट विनियोजन भएकोले देहायको योजना सञ्चालन गर्ने सम्वन्धमा छलफल गरियो ।

**निर्णय नं. १६**

ससकोशी नगरपालिकाको लागि चालु आ.व. २०८२।०८३ मा संघीय सरकारवाट हस्तान्तरित गाईभैसी श्रोत केन्द्र कार्यक्रममा वजेट रु.७०००००।– (सात लाख) विनियोजन भएकोमा नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयवाट जारी भएको प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ सम्वन्धमा वैठकमा जानकारी भई सोही वमोजिम उक्त कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।साथै, ५०% अनुदानमा संचालन गरिने उक्त कार्यक्रममा नगरपालिका, प्रदेश सरकार, संङ्घीय सरकारवाट यस्तो कार्यक्रममा यस अगाडि अनुदान लिएकोलाई सहभागी नगराउने र सो को पुष्ट्याँई स्वरुप सम्वन्धित समूह, फर्म, सहकारी एवं सम्वन्धित पक्षवाट स्व-घोषणा पत्र पेश गर्नु पर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

थारु संस्कृति संरक्षण संघ नेपाल, नगर कार्यालय ससकोशी न.पा.को च.नं.२ मिति २०८२।८।२५ को पत्रवाट थारु संस्कृति रेकर्डिङ्गको लागि उपकरण सामग्रीहरु उपलव्ध गराई दिन अनुरोध भई आएकोले उक्त संस्थालाई एक थान डेस्कटप कम्प्यूटर, एक थान फोटोकपी मेशिन ससकोशी नगरपालिकाको चालु आ.व. २०८२।०८३ मा आर्थिक सहायता

शिर्षकमा विनियोजित वजेट मध्येवाट एक थान डेस्कटप कम्प्यूटर खरीद गरी उक्त संस्थालाई उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १८**

ससकोशी नगरपालिकामा भविष्यमा आउन सक्ने विपदको पुर्व तयारी, विपद विरुद्ध प्रतिकार्य र विपद पश्चात पुनस्थापना एवं पुननिर्माण कार्यको व्यवस्थापन गर्नमा सहजता मिलोस भन्ने उद्देश्यले ससकोशी नगरपालिकाको मुख्य प्रशासनिक भवन कार्यलय रहेको कम्पाउण्ड परिसरमा आपत कालिन कार्य संचालन केन्द्र निर्माण गर्न चालु आ.व.२०८२।०८३ को लागि विपद व्यवस्थापन शिर्षकमा विनियजित वजेट मध्येवाट प्राविधिक लागत अनुमानको आधारमा निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

ससकोशी नगरपालिका, वडा नं. ८ अन्तर्गत रहेको प्रोग्रेसिभ युवा क्लवले ससरी जिल्ला लिग फुटवल प्रतियोगिताको लिग विजेता भई मधेश प्रदेश लिग फुटवल प्रतियोगितामा समेत दोश्रो स्थान हासिल गरी काठमाण्डौ एन्फा कम्प्लेक्समा भएको एन्फा प्रेसिडेन्ट प्ले अफ खेलमा सहभागिता वापत आर्थिक सहयोग गरी दिन अनुरोध भई आएकोले चालु आ.व.२०८२।०८३ को आर्थिक सहायता शीर्षकमा विनियोजित बजेट मध्येबाट रु.१,५०,०००।– उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २०**

ससकोशी नगरपालिका, वडा नं. १ स्थित फत्तेपुरमा विश्वकर्मा वावाको मन्दिर निर्माण गर्ने लागने रकमको सम्वन्धमा प्राविधिकवाट रु.२०७८२०८।६६पैसा (भ्याट पि.एस.र कन्टिन्जेन्सी समेत) वरावरको लागत अनुमान तयार गरी पेश भएकोमा आगामी नगर सभामा पेश गर्ने गरियो।

**निर्णय नं. २१**

ससकोशी नगरपालिका, वडा नं. ६ स्थित श्री राष्ट्रिय आधारभुत विद्यालय वचहीको मैदानमा माटोले पुर्ने कार्य चालु आ.व.२०८२।०८३ मा जनतासंग मेयर कार्यक्रममा विनियोजित वजेट मध्येवाट रु.१५००००।– छुट्टायाई संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

ससकोशी नगरपालिका वडा नं.२ सुकुम्वासी वस्तीका वालवालिकालाई विद्यालयसम्म ल्याउन लैजानको लागि म्याजिक भाडामा लिने निर्णय गरियो ।

बैठक संख्याः २०।२०८२
बैठक मितिः २०८२।१०।१३ गते, समयः बिहान ११:०० बजे
स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

<u>निर्णय नं. २३</u>

सप्तकोशी नगरपालिकाबाट आ.व. २०८०।०८१ मा ठेक्का आह्वान भई सञ्चालित ठेक्का नं.०३/NCB/SKMO/KTS/२०८०-०८१, Construction of Kamaldah Tourist Spot वडा नं. ११ योजना निर्माणको लागि हलेसी तिलक निर्माण तथा ईन्जिनियरिङ्ग सोलुसन प्रा.लि. भक्तपुर, सिर्जनानगर, नेपालसँग सम्झौता भई कार्य सञ्चालन भएकोमा पछिल्लो पटक मिति २०८२।६।१५ गतेसम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप भएको अवस्थामा उक्त निर्माण व्यावसायीबाट मिति २०८२।५।२५ गते पोखरीमा पानी जमेको, Updated Estimate र Variation Order उपलव्ध नगराएको, Running Bill को भुक्तानीमा ढिलाई भएको कारणले काममा ढिलाई भएकोले ६ (छ) महिना म्याद थप गरी कार्य वातावरण वनाई दिन अनुरोध गरी निवेदन पेश हुन आएकोमा उक्त ठेक्काको आव्हान हुँदा BOQ मा Quantity वढी भएकोले BOQ को Quantity मा Variation गर्नु पर्ने भएको भनी प्राविधिकवाट राय पेश हुन आएकोले प्राविधिकवाट Variation विवरण तयार गरी आगामी वैठकमा पेश गर्ने भन्ने व्यहोरा समेतको मिति २०८२।९।३० गतेको नगर कार्यपालिका वैठकवाट भएको निर्णयानुसार उक्त निर्माणाधिन योजनाको सम्वन्धमा ईन्जिनियर श्री लोकेश चन्द्र पैकरा सहितको प्राविधिक टोलीवाट हालसम्म भएको कार्य प्रगति अवस्थाको सम्वन्धमा वैठक समक्ष प्रस्तुत गरी उक्त निर्माणधिन ठेक्का नं.०३/NCB/SKMO/KTS/२०८०-०८१, Construction of Kamaldah Tourist Spot वडा नं. ११ योजनामा केही आईटमहरु हटाउनु पर्ने र केही आईटमहरु थप (Quantity Variation) गरी कार्य संचालन गर्नु पर्ने भनी प्राविधिक पुष्ट्याई सहितको तपसिल वमोजिमको मिति २०८२।१०।१३ गते जारी भएको संलग्न-८ पानामा उल्लेख भए वमोजिमको Detail Quantity Calculation Sheet र रेट पेश भए अनुरुपको भ्याट र पि.एस रकम वाहेक शुरु लागत अनुमान रु.८६१११९०।७०पैसा सम्झौता रकम रु.६८६७१४९।- पहिलो Variation पश्चातको रकम रु.७५४५१४४।४४पैसा कायम भएकोमा संम्झौता वमोजिमको अंकमा रु.७७५९३१।२० पैसाले घटी भई११.२९% प्रतिशतले घटी हुने दोश्रो भेरिएशन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।